नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ७, संख्याः ७, पौष २६ गते, २०८० साल

व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग १

## व्यास नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन (दोस्रो संशोधन), २०८०

सभाबाट पारित मिति : २०८०।९।२५

व्यास नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर सभाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छ :

| सि.नं. | साविकमा भएको | संशोधन गर्नुपर्ने (थप घट) |
|---|---|---|
| १. | ऐनको दफा १४ उजुरी तथा प्रतिवाद दर्ता दस्तुर : (१) प्रचलित कानुनमा विवाद दर्ता दस्तुर तोकिएकोमा सोहीबमोजिम तथा दस्तुर नतोकिएकोमा एक सय रूपैयाँ बुझाउनु पर्नेछ । | उजुरी तथा प्रतिवाद दर्ता दस्तुर : (१) व्यास नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम विवाद दर्ता दस्तुर बुझाउनु पर्नेछ । |
| २. | एनेको दफा १४ (२) प्रचलित कानुनमा प्रतिवाद दर्ता दस्तुर नलाग्ने भनेकोमा बाहेक एक सय रूपैयाँ प्रतिवादी दर्ता दस्तुर लाग्नेछ । | (२) व्यास नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम प्रतिवादी दस्तुर बुझाउनु पर्नेछ । |
| ३. | | ऐनको दफा ४१ (५) पक्ष विपक्षले तारेख गुजारी बसेका र तारेख थमाउन पाउने अवधि समाप्त भएपछि त्यस्तो मुद्दा डिसमिस गर्नु पर्नेछ । |

**आज्ञाले**
गंगालाल सुबेदी
प्रमुख प्रशासकीय अधिकृत